त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

Phone No.: 071-570205
Phone/Fax : 071-572931
E-mail : bhairahawabahumukhicampus@gmail.com

# भैरहवा बहुमुखी क्याम्पस
# BHAIRAHAWA MULTIPLE CAMPUS

*Accredited by University Grants Commission (UGC), Nepal, (2023)*

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, (२०८०)

सिद्धार्थनगर, रुपन्देही, नेपाल
Siddharthanagar, Rupandehi, Nepal
website: www.bmc.tu.edu.np

मिति : २०८२/०८/०९

## स्नातकोत्तर तह समाजशास्त्र विषय (MA Sociology) मा नयाँ विद्यार्थी भर्नाका लागि अनलाईन फाराम प्रवेश परीक्षा सम्बन्धी जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित शैक्षिक वर्ष २०२५ (२०८२/०८३) को स्नातकोत्तर तह समाजशास्त्र विषयको नयाँ विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरूद्वारा Google मा entrance.tufohss.edu.np टाइप गरी New Student Registration बाट आफूले भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको क्याम्पसका निमित्त अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- आवेदनका लागि न्यूनतम योग्यता: त्रि.वि. वा त्रि. वि. बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका एवम् सम्बन्धित विषय समितिले निर्धारण गरेका मापदण्डहरू पूरा गरेका विद्यार्थीहरू यस प्रवेश परीक्षामा सहभागी हुन सक्ने छन् । अनलाइन आवेदन फाराम भर्दा हालसालै खिचेको फोटो र एस. एल. सी./ एस. ई. ई. देखि स्नातक तहसम्म उत्तीर्ण गरेका सम्पूर्ण शैक्षिक प्रमाण-पत्रहरू अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ ।
- आवेदन फाराम भर्ने समयावधि: २०८२ साल मङ्सिर ०७ गतेदेखि मङ्सिर २७ गते राती १२:०० बजेसम्म र दोब्बर दस्तुरमा पुस ३ गते राती १२:०० बजेसम्म ।
- आवेदन दस्तुर : रू. १,५००/- (अक्षरेपी रू. एक हजार पाँच सय मात्र) । आवेदकहरूले Online फाराम भर्ने बेलामा e–Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर बुझाउनुपर्ने छ ।( दस्तुर त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयको ने.वै.लि. खाता नं. ०४५००१०००९९०४५००००१ मा जम्मा गर्नुपर्नेछ) जम्मा भइसकेको दस्तुर फिर्ता हुने छैन ।
- प्रवेश परीक्षा मिति: २०८२/०९/१९, दिउँसो १ बजेबाट

विस्तुत जानकारीका लागि सम्पर्क नं. ९८४७०९८५१५, ९८४७०३१३९७, ९८५७०२२२०९

..................

लक्कीप्रसाद जोशी